राक्सिराङ्ग गाउँपालिका
Raksirang Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
चैनपुर, मकवानपुर
Chainpur, Makawanpur

:- info@raksirangmun.gov.np
:- raksirangmun.gov.np
:-९८५५०७७६०१ (अध्यक्ष)
:- 9855077601 (Chairperson)
:-९८५५०८८८६६ (प्र.प्र.अ.)
:- 9855088866 (C.A.O.)

बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या / Ref.No :- २०७७/०७८
च.नं. / Dispatch No :-

मिति:२०७७/११/२५

# विज्ञप्ति

यस गाउँपालिका वडा नं.९ स्थायी ठेगाना भई हाल भण्डारा, चितवन बस्ने ७१ बर्षीय श्री जित बहादुर बि.क. को आज मिति २०७७ फाल्गुन २५ गते राक्सिराङ्ग गाउँपालिका वडा नं. ५ चैनपुरमा भएको असामयिक निधनले गाउँपालिका परिवार स्तब्ध एवं अत्यन्त दु:खी छ। निज प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो हार्दिक समबेदना व्यक्त गर्दछौं ।

निजको निधनको विषयमा विभिन्न अनलाइन मिडियाहरुमा आएको समाचार प्रति यस गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । यस गाउँपालिकाले चैनपुर स्थित बैंक अफ काठमाडौं लि. मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिरहेको सन्दर्भमा निज जित बहादुर बि.क. सोहि बैंकबाट सामाजिक सुरक्षा भत्ता रकम बुझ्ने क्रममा अचेत भई लडेको र मनहरी स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा मृत घोषणा भएको र सो सन्दर्भमा गाउँपालिकाले वडा स्तरमा भत्ता वितरण गर्न नसक्दा उक्त घटना घटेको भन्ने आशयको समाचार आएको हुँदा सो विषयमा विगतमा वडा स्तरबाटै भत्ता वितरण गरिदै आएको र सामाजिक सुरक्षा ऐन २०७५ को दफा १७ को उपदफा ३ अनुसार बैंकिङ प्रणाली मार्फत मात्रै सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था रहेकाले उक्त सेवा बैंक कर्मचारी एवं स्थानीय जनप्रतिनिधि मार्फत वडा स्तरबाट नगदै वितरण गर्न नसकिने र बैंकिङ प्रणाली मार्फत मात्रै वितरण गर्नुपर्ने बाध्यकारी व्यवस्था भएको जानकारी गराउदै गाउँपालिकाले अति अशक्त, दिर्घरोगी, ज्यादै वृद्ध लाभग्राहीहरुको हकमा निजका एकाघर परिवारका सदस्य मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने बैकल्पिक व्यवस्था समेत गरेको पुन:स्मरण गराउदै यस प्रकारको अप्रिय भवितव्य घटनामा समेत दुरासयपूर्ण अभिव्यक्ति दिंदै गाउँपालिका प्रति लान्छना लगाउने क्रियाकलाप प्रति यस गाउँपालिका खेद प्रकट गर्दछ।

राजकुमार मल्ल
अध्यक्ष